# शैक्षिक गुणस्तर परीक्षण केन्द्र बुलेटिन
## आ.व. २०८१/८२



### प्रकाशकीय

विद्यालय शिक्षा प्रणालीअन्तर्गतका विभिन्न निकायको कार्यसम्पादनको स्तर परीक्षण गर्ने, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्ने, शैक्षिक प्रणालीमा सुधारका लागि प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्ने र समग्रमा शैक्षिक जवाफदेहिता र सुशासनका लागि प्रामाणिक आधार तय गर्ने जस्ता उद्देश्यले शिक्षा मन्त्रालयअन्तर्गत केन्द्रीय निकायका रूपमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र (Education Review Office, ERO) को स्थापना वि. सं.२०६६ मा भएको हो । शिक्षा ऐन, २०२८ को दफा ११ (ख) बमोजिम विद्यालय शिक्षाको शैक्षिक गुणस्तर परीक्षण समेतको लागि परिभाषित कार्यका साथै केन्द्रबाट विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Student Achievement, NASA), पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण (National Assessment of Reading & Numeracy, NARN), शैक्षिक निकाय, सामुदायिक विद्यालयको कार्यसम्पादन परीक्षण (Performance Audit), शिक्षासम्बन्धी समसामयिक विषयमा अनुसन्धान, प्रारम्भिक सिकाइ तथा विकास स्तर (Early Learning and Development Standards, ELDS) मा आधारित परीक्षण सञ्चालनलगायतका कार्यहरू सम्पादन हुँदै आएका छन् ।

यस केन्द्रले तोकिएका कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्र कार्य सञ्चालन निर्देशिका, २०७४ द्वारा निर्दिष्ट कार्यप्रणाली अनुसरण गर्दै आएको छ । नेपाल शिक्षा सेवाअन्तर्गतको सहसचिव, यस केन्द्रको महानिर्देशकको मातहतमा विभिन्न तहका जम्मा ३१ जना जनशक्ति र आवश्यकताका आधारमा स्वतन्त्र विज्ञसेवाको परिचालन गरी तोकिएको संस्थागत कार्य सम्पादन गर्ने कार्य भइरहेको छ। आ.व. २०८१/८२ मा सम्पादित कार्यको जानकारी दिने उद्देश्यले शैक्षिक गुणस्तर परीक्षण केन्द्रको बुलेटिन (Education Review Office Bulletin) वार्षिक रूपमा प्रकाशन गरिएको छ । यस बुलेटिनमा केन्द्रले सम्पन्न गरेका कार्यक्रमको सङ्क्षिप्त विषयवस्तु एवम् सान्दर्भिक तस्बिरसमेत समेटिएको छ ।

आर्थिक वर्ष २०८१/८२ का स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका नीतिगत मार्गदर्शन एवम् प्रशासकीय सहजीकरण प्रदान गर्नुहुने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यू, माननीय रघुजी पन्तज्यू, शिक्षा सचिव डा. दीपक काफ्लेज्यू, श्रीमान् चूडामणि पौडेलज्यू, मन्त्रालयका सहसचिवज्यूहरू, विभागीय प्रमुखज्यूहरू साथै सम्बद्ध कर्मचारीहरूलाई हृदयदेखि धन्यवाद ज्ञापन गर्दछौँ । कार्यक्रम कार्यान्वयनका सन्दर्भमा प्रदेश, जिल्ला र स्थानीय तहमा कार्यरत कर्मचारीले गर्नुभएको सहकार्य, समन्वय एवम् यस केन्द्रमा कार्यरत सहकर्मीहरूको कार्यको उच्च कदर गर्दछौँ ।

### यसभित्र

१. वार्षिक प्रतिवेदन हस्तान्तरण
२. प्रदेशस्तरमा प्रबोधीकरण गोष्ठी
३. विषयगत समितिको बैठक
४. समन्वय, सहकार्य र अनुगमन
५. सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण
६. प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण
७. विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम
८. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ८
९. कक्षा ५ को परीक्षण फ्रेमवर्क विकास
१०. कक्षा ५ को विद्यार्थी उपलब्धि राष्ट्रिय परीक्षणको पूर्व परीक्षण सञ्चालन
११. विद्यार्थी उपलब्धि परीक्षणका लागि स्थानीय तहलाई मार्गदर्शन विकास
१२. प्रारम्भिक सिकाइ तथा विकास स्तर परीक्षण
१३. अनुसन्धानात्मक कार्य
१४. प्रारम्भिक पठन तथा गणितीय सिपको परीक्षण ढाँचा निर्माण र प्रश्न निर्माण
१५. शिक्षा विकास निर्देशनालयको कार्यसम्पादन परीक्षण
१६. ReAL Plan कार्यान्वयनका लागि निदानात्मक परीक्षण ढाँचा तथा साधन परिमार्जन र विकास

## १. वार्षिक प्रतिवेदन हस्तान्तरण

आर्थिक वर्ष २०८०/८१ मा स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको सीमाभित्र रही सम्पन्न गरेका कार्यहरूको वार्षिक प्रतिवेदन शैक्षिक गुणस्तर परीक्षण केन्द्र सञ्चालन निर्देशिका, २०७४ को दफा ११ बमोजिम राष्ट्रिय शिक्षा परिषद् मार्फत नेपाल सरकारसमक्ष पेस गर्ने व्यवस्थाबमोजिम परिषद्का अध्यक्ष शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूसमक्ष आ.व. २०८०/८१ को शैक्षिक गुणस्तर परीक्षण केन्द्रको वार्षिक प्रतिवेदन मिति २०८१।०८।०७ गते हस्तान्तरण गरियो ।

उक्त कार्यक्रमको अध्यक्षता शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूले गर्नुभएको थियो । कार्यक्रममा मन्त्रालयका श्रीमान् सचिव डा. दीपक काफ्लेज्यू, सहसचिवज्यूहरू, मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायका विभागीय प्रमुखज्यूहरू र यस केन्द्रका कर्मचारीहरूको समेत कार्यक्रममा सहभागिता रहेको थियो ।

केन्द्रका महानिर्देशक श्री जयराम अधिकारीले वार्षिक प्रतिवेदनको सारांश प्रस्तुत गर्दै माननीय मन्त्रीज्यूसमक्ष प्रतिवेदन हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा उपस्थित सहभागीहरूले प्रतिवेदनमाथि छलफल, अन्तरक्रिया र जिज्ञासा राख्नुभएको थियो भने केन्द्रको तर्फबाट महानिर्देशकज्यूले जिज्ञासाको सम्बोधन गर्नुभएको थियो । कार्यक्रमको अन्त्यमा श्रीमान् सचिव डा दीपक काफ्लेज्यूले मन्तव्य राख्दै आवश्यक निर्देशन प्रदान गर्नुभयो भने कार्यक्रमको अध्यक्षता गर्नुहुने मन्त्री माननीय विद्या भट्टराईज्यूले आफ्नो मन्तव्य तथा मार्गदर्शन प्रदान गर्नुहुँदै कार्यक्रमको समापन गर्नुभयो । केन्द्रबाट सञ्चालित अनुसन्धानको निष्कर्ष एवम् सिफारिसलाई कार्यान्वयन गर्न सबैले बुझ्ने गरी प्रकाशन र सम्प्रेषण गर्नुपर्ने सुझाव प्राप्त भयो ।



*शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराईज्यूसमक्ष प्रतिवेदन हस्तान्तरण गर्नुहुँदै केन्द्रका महानिर्देशक जयराम अधिकारी*



*शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदनमा छलफल हुँदै*

## २. प्रदेशस्तरमा प्रबोधीकरण गोष्ठी

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पन्न भएका अनुसन्धानहरूः प्रारम्भिक सिकाइ तथा विकास स्तर (Early Learning Development Standards, ELDS) परीक्षण सन् २०२३/२४, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण (National Assessment of Students Achievement, NASA) कक्षा ५, सन् २०२२ र कक्षा १० सन् २०२३ र कार्यसम्पादन परीक्षण (Performance Audit) आ.व. २०७८/७९ र आ.व. २०७९/८० का नतिजा तथा सिफारिसहरूलाई प्रदेशस्तरमा प्रबोधीकरण गर्ने वार्षिक कार्यक्रमअन्तर्गत सुदूरपश्चिम प्रदेशको कैलाली, कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको बाँके, गण्डकी प्रदेशको कास्की, बागमती प्रदेशको मकवानपुर, रामेछाप र भक्तपुर, मधेश प्रदेशको धनुषा एवम् कोशी प्रदेशको धनकुटा र सुनसरीमा एक दिवसीय प्रबोधीकरण गोष्ठी सम्पन्न गरियो ।

प्रबोधीकरण कार्यक्रममा प्रदेश सामाजिक विकास मन्त्रालयका सचिव र प्रतिनिधि, शिक्षा विकास निर्देशनालयका महानिर्देशक, निर्देशक र कर्मचारी, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश स्थित कार्यालयका कर्मचारी, शिक्षा तालिम केन्द्रका प्रमुख तथा प्रतिनिधि, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका शिक्षा प्रमुख, सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकलगायतका महानुभावको सहभागिता रहेको थियो ।

कार्यक्रममा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको कार्यक्षेत्र र भूमिका तथा प्रारम्भिक सिकाइ तथा विकासस्तर परीक्षण, विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायको कार्यसम्पादन परीक्षण लगायतका अनुसन्धानका नतिजा तथा सुझावहरू सम्बन्धमा प्रस्तुतीकरण भएको थियो । साथै, सहभागीहरूबाट प्रस्तुतिको सेरोफेरोमा रहेर जिज्ञासा, छलफल र भावी कार्ययोजना तथा र प्राप्त नतिजाको कार्यान्वयन विषयमा अन्य निकायहरूको भूमिका एवम् जिम्मेवारीका सम्बन्धमा अन्तरक्रिया तथा छलफल भएको थियो ।



*प्रबोधीकरण कोशी प्रदेश*

## ३. विषयगत समितिको बैठक

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट हुने विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, प्रारम्भिक सिकाइ तथा विकासस्तर परीक्षण, तथा अनुसन्धान आदि कार्यसम्पादनलाई सैद्धान्तिक र प्राविधिक रूपमा वैधता, विश्वसनीयता, प्रभावकारिताका लागि विषयगत समितिहरू रहेका छन् । यस्ता समितिहरूमा गणित, अङ्ग्रेजी, विज्ञान तथा प्रविधि, नेपाली र कार्यसम्पादन परीक्षण गरी ५ ओटा विषय समितिहरू सक्रिय रहेका छन्। विषय समितिको अध्यक्षता सम्बन्धित विषयक्षेत्रका विश्वविद्यालयका प्राध्यापकहरूले गर्ने व्यवस्था छ । आ.व.२०८१/८२ मा विषय समितिहरूबाट परीक्षणका विधि तथा प्रक्रिया निर्धारण गर्ने पृष्ठपोषण प्रदान गर्ने, परीक्षणका लागि आवश्यक प्रश्नपत्र, प्रश्नावली लगायतका परीक्षण साधनहरूलाई अन्तिम रूप प्रदान गर्ने, परीक्षणका फ्रेमवर्क तथा नमुना प्रश्नपत्र अनुमोदन गर्ने, सम्बन्धित विषयमा परीक्षण एवम् अध्ययन अनुसन्धान सञ्चालनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई प्राविधिक सहयोग गर्ने लगायतका कार्यहरू भएका छन् ।

## ४. समन्वय, सहकार्य र अनुगमन

विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण, विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण, प्रारम्भिक सिकाइ र विकासस्तर परीक्षण तथा अनुसन्धान लगायतका शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट सम्पादन गरिने मुख्य कार्यहरू हुन् । यी कार्यहरूलाई व्यवस्थित, प्रभावकारी र नियमित रूपमा सम्पादन तथा व्यवस्थापनका लागि यस केन्द्रले तहगत सरकार तथा यसका निकायहरू र विद्यालय तथा शैक्षिक निकायहरूसँग नियमित समन्वय तथा सहकार्य गर्दै आइरहेको छ । साथै यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको अवस्था पहिचान एवम् पृष्ठपोषण प्राप्तिका लागि नियमित अनुगमन गरिँदै आएको छ।

केन्द्रबाट सम्पादन गरिने विभिन्न विषयमा चालु आर्थिक वर्ष २०८१।८२ मा केन्द्रका महानिर्देशक, निर्देशक, शाखा अधिकृतलगायत अन्य कर्मचारीहरूबाट सरोकारवालासँग समन्वय र सहकार्य गरी विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षण फलोअप तथा वार्षिक स्वीकृत कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयनको अनुगमन गरी प्रतिवेदन गर्ने कार्यहरू भएका छन् ।

साथै, शैक्षिक गुणस्तर परीक्षण केन्द्रका कार्यसम्पादनलाई स्वतन्त्र तवरबाट अनुगमन गरी लेखाजोखा गर्न र भावी दिनका लागि पृष्ठपोषण प्राप्त गर्न तथा विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण र विद्यालय तथा शैक्षिक निकायहरूको कार्यसम्पादन परीक्षणका प्रतिवेदन तथा सिफारिसहरूको सचेतनाका लागि सञ्चारकर्मीहरूसँगको सहकार्यमा नमुनाका रूपमा विभिन्न १० जिल्लाहरूमा स्थलगत अनुगमन गरी प्रतिवेदन तयार भएका छन् ।



*कार्यसम्पादन परीक्षणको अनुगमन र अन्तरक्रिया श्री कृष्ण मा.वि. पाटन, बैतडी*



*पत्रकारसँग अन्तरक्रिया, महोत्तरी*

## ५. सामुदायिक माध्यमिक विद्यालय कार्यसम्पादन परीक्षण

सामुदायिक माध्यमिक विद्यालयहरूको समग्र कार्यसम्पादनको अवस्था पहिचान गर्दै प्रमाणमा आधारित पृष्ठपोषण प्रदान गर्न केन्द्रबाट स्वतन्त्र विज्ञ परिचालन गरी विद्यालय कार्यसम्पादन परीक्षण गरिन्छ । यस कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सामुदायिक विद्यालय कार्यसम्पादन परीक्षण साधन, परीक्षण मार्गनिर्देशन पुस्तिका र परीक्षण कार्यढाँचा विकास गरी कार्यान्वयनमा ल्याएको छ । विद्यालय कार्यसम्पादन परीक्षणमा विद्यालयको लगानी, प्रक्रिया, उपलब्धि गरी प्रमुख ३ क्षेत्र र सेवा प्रदान गरिएका विद्यार्थी सहित सत्या ८९ ओटा सूचकमा आधारित रहेर परीक्षण गरी विद्यालयहरूको स्तरीकरणसमेत गरिन्छ। आ.व. २०८१/८२ मा इलाम, जाजरकोट, जुम्ला, डोटी र बैतडी गरी ५ जिल्लाका ४३० सामुदायिक माध्यमिक विद्यालयहरूको कार्यसम्पादन परीक्षण सम्पन्न भएको छ। उक्त परीक्षणबाट प्राप्त नतिजामा आधारमा अधिकांश विद्यालयहरुको स्तर सामान्य रहेको पाइएको छ।



*कार्यसम्पादन परीक्षणको प्रतिवेदन हस्तान्तरण, दिपायल सिलगढी न.पा, डोटी*

## ६. प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण

सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकको नेतृत्व र व्यवस्थापकीय क्षमताको अवस्था परीक्षण गरी प्रतिवेदन तथा सुधारका क्षेत्रहरू सिफारिस गर्ने उद्देश्यका साथ शैक्षिक गुणस्तर परीक्षण केन्द्रले तेस्रो पक्षबाट प्रधानाध्यापकको नेतृत्व कार्यसम्पादन परीक्षण गर्ने गरेको छ। यस कार्यका लागि ६५ ओटा सूचक र १९५ अङ्क भारसहितको परीक्षण साधनको विकास गरिएका छ। चालु आर्थिक वर्ष २०८१/८२ मा ७ ओटा प्रदेशका १२ ओटा जिल्लाका ५० वटा सामुदायिक माध्यमिक विद्यालयका प्रधानाध्यापकहरूको कार्यसम्पादन परीक्षण सम्पन्न गरिएको छ। परीक्षणको नतिजा अनुसार ५०% विद्यालयको प्रधानाध्यापकको कार्यसम्पादन स्तर राम्रो पाइएको छ।



*प्रधानाध्यापक नेतृत्व परीक्षण, झापा*

## ७. विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम

कार्यसम्पादन परीक्षणको क्रममा बाह्य विज्ञ परीक्षकद्वारा दिइएको सुझाव तथा पृष्ठपोषण कार्यान्वयनको अवस्था, विद्यालयले सुधारका लागि गरेका प्रयास, प्राप्त नतिजा, सुझाव कार्यान्वयन गर्दा आइपरेका समस्या तथा चुनौतीहरूको समाधानको लागि भावी कार्यदिशा सम्बन्धमा छलफल गर्न फलोअप कार्यक्रम सञ्चालन गरिएको छ। यो कार्यक्रममा विद्यालयगत प्रस्तुतीकरण र थप सुधारका लागि फलोअपकर्ता तथा सरोकारवालाहरूबाट सुझाव तथा पृष्ठपोषण प्रदान गर्ने गरिन्छ। यस आ.व. २०८१/८२ मा आ.व. २०७६/७७ मा कार्यसम्पादन परीक्षण भएका २ जिल्ला मोरङ र सुर्खेत तथा आ. व. २०७७।७८ मा कार्यसम्पादन परीक्षण सम्पन्न भएका ४ जिल्ला बारा, काभ्रेपलान्चोक, नुवाकोट, तनहुँ र बाँकेका ११ स्थानीय तहद्वारा छनोटमा परेका ७।७ सामुदायिक माध्यमिक विद्यालयहरूको स्वमूल्याङ्कन तथा समीक्षा कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा ७ ओटै जिल्लाका ४८ वटा विद्यालयहरूको सहभागिता रहेको थियो। विद्यालय कार्यसम्पादन परीक्षण फलोअप कार्यक्रम स्थानीय तहका प्रमुख, उपप्रमुख, सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र स्थानीय तहका शिक्षा शाखाका कर्मचारी र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको सहभागितामा सञ्चालन भएको थियो। कार्यसम्पादन परीक्षणपश्चात् धेरै विद्यालयहरूले यसको नतिजालाई गम्भीर रूपमा लिई सुधारको अग्रसरता लिन नसकेको पाइएको छ।



*कार्यसम्पादन परीक्षण फलोअपमा छलफल, खजुरा गा.पा. बाँके*

## ८. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण, कक्षा ८

विद्यार्थीको उपलब्धिको अवस्थाका बारेमा सरोकारवालालाई पृष्ठपोषण प्रदान गर्न तथा प्रमाणमा आधारित शैक्षिक नीति निर्माणमा सहयोग पुऱ्याउनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले कक्षा ५, ८ र १० को नेपाली, अङ्ग्रेजी, विज्ञान तथा प्रविधि र गणित विषयको विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण गर्दै आएको छ। यस्तै, कक्षा ३ मा पठन तथा गणितीय सिपको राष्ट्रिय परीक्षण गरिएको छ। परीक्षणको नतिजाले समग्रमा देशको सिकाइ उपलब्धिको वास्तविक अवस्था पहिचान हुनेछ। साथै विभिन्न क्षेत्र, लिङ्ग, विद्यालयको अवस्थिति आदिका आधारमा विद्यार्थीको सिकाइ उपलब्धिको तुलना गर्न र सिकाइमा कस्ता तत्वहरूले प्रभाव पारिरहेका छन् भन्ने प्रमाणहरू दिएको छ।

आर्थिक वर्ष २०८१/८२ (सन् २०२५) मा कक्षा ८ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण २०८२ जेठ महिनाको अन्तिम हप्तादेखि देशभर सञ्चालन गरिएको थियो। ७६ जिल्ला (मनाङबाहेक) मा गणित र विज्ञान तथा प्रविधि विषयमा भएको परीक्षणमा तोकिएको नमुना छनोट विधिका आधारमा छनोट गरिएका ९०० माध्यमिक विद्यालयहरूका कक्षा ८ पूरा गरी कक्षा ९ मा अध्ययनरत २४३०० विद्यार्थीहरू सहभागी भएका थिए। परीक्षण सञ्चालन कार्यलाई स्तरीकृत बनाउन र देशभरि एकरूपता ल्याउन शैक्षिक गुणस्तर परीक्षण केन्द्रले परीक्षण सञ्चालन मार्गदर्शन पुस्तिकाको विकास गरी प्रयोगमा ल्याएको थियो।

परीक्षण सञ्चालनका लागि गत आ.व. २०८०/०८१ मा सञ्चालन गरिएको पूर्वपरीक्षणको डाटा विश्लेषण गरी प्रश्नपत्र अन्तमीकरण गरिएको र केन्द्रबाट नै प्रश्नपत्र छपाइ र ढुवानी भएको थियो। शिक्षा विकास तथा समन्वय इकाइहरूबाट परीक्षण सञ्चालनको व्यवस्थापन तथा सहजीकरण भएको थियो। यस कार्यका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले ७ प्रदेशमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा परीक्षा हेर्ने अधिकृत कर्मचारीहरूलाई अभिमुखीकरण गरेको थियो।

सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइले तोकिएको मापदण्डका आधारमा परीक्षण सञ्चालक नियुक्ति गरी अभिमुखीकरणसमेत सम्बन्धित जिल्लाबाटै हुने गरी प्रबन्ध मिलाइएको थियो भने अनुगमनका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रले आवश्यक व्यवस्था मिलाएको थियो । परीक्षण सञ्चालनपश्चात् केन्द्रमा उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

## ९. कक्षा ५ को परीक्षण फ्रेमवर्क विकास

आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम २०७८ मा आधारित भई चारओटा विषयहरू नेपाली, English, गणित र विज्ञान तथा प्रविधिको कक्षा ५ को परीक्षण फ्रेमवर्क विकास गर्ने कार्य सम्पन्न भएको छ । सम्बन्धित विषयका विज्ञहरूको कार्यदलबाट विषयगत परीक्षण फ्रेमवर्कको मसौदा लेखन, सरोकारवालाहरूको सहभागितामा पृष्ठपोषण सङ्कलन र सुधारका साथै विषयगत समितिबाट परीक्षण फ्रेमवर्कलाई स्वीकृत गर्ने कार्य गरिएको थियो । यसै क्रममा चार विषयका एक एक सेट नमुना प्रश्नहरू पनि तयार गरिएका थिए । यसबाट आगामी वर्षमा सञ्चालन गरिने कक्षा ५ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणमा सैद्धान्तिक र प्रक्रियागत आधार तयार हुनुको साथै परीक्षणका साधनहरू निर्माण साथै परीक्षण सञ्चालनका लागि गर्न विश्वसनीय आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।



*फ्रेमवर्क विकासका लागि केन्द्रमा भएको छलफल*

## १०. कक्षा ५ को विद्यार्थी उपलब्धि राष्ट्रिय परीक्षणको पूर्व परीक्षण सञ्चालन

कक्षा ५ का विद्यार्थीहरूको उपलब्धि परीक्षणका लागि प्रयोग गरिने परीक्षण साधनलाई स्तरीकरण गर्ने उद्देश्यले विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको पूर्व परीक्षण १५ जिल्लाका करिब ४३५० जना विद्यार्थीहरूमा सञ्चालन गरियो । मोरङ, ओखलढुङ्गा, महोत्तरी, सिराहा, नुवाकोट, काठमाडौं, रामेछाप, कास्की, लमजुङ, रुपन्देही, प्युठान, सुर्खेत, कालीकोट, कैलाली र बझाङ जिल्लाहरू पूर्व परीक्षणका लागि छनोट गरिएका थिए ।

विज्ञ समूहबाट निर्माण गरिएका परीक्षणको साधन नेपाली, English, गणित र विज्ञान तथा प्रविधि चारओटा विषयको प्रश्नहरू (परीक्षण साधन) सम्बन्धित विषयको विषय समितिमा छलफल गरी स्वीकृत गरियो । यसरी तयार गरिएको परीक्षण साधनको प्रयोग र परीक्षण सञ्चालन सम्बन्धमा छनोटमा परेका १५ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइसँगको सहकार्यमा परीक्षक (Test administrator) र परीक्षण अनुगमनकर्ताहरूको लागि एक दिनको परीक्षण सञ्चालन अभिमुखीकरण कार्य गरियो । जम्मा १४५ विद्यालयका ४३५० विद्यार्थीमा पूर्व परीक्षण सञ्चालन गरी उत्तरपुस्तिका केन्द्रमा सङ्कलन भइसकेको छ ।



*विद्यालयमा कक्षा ५ को उपलब्धि परीक्षणको पूर्व परीक्षण सञ्चालन, लुम्बिनी प्रदेश*



*पूर्व परीक्षण सञ्चालनका लागि अभिमुखीकरण, कास्की*

## ११. विद्यार्थी उपलब्धि परीक्षणका लागि स्थानीय तहलाई मार्गदर्शन विकास

स्थानीय तहबाट सञ्चालन गरिने विद्यार्थी उपलब्धि परीक्षण कार्यलाई सघाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा व्यवस्था भएअनुसार मार्गदर्शन पुस्तिका विकास गरिएको छ । उक्त कार्यक्रम सम्पन्न गर्नका लागि परीक्षण ढाँचा विकास कार्यशाला सञ्चालन, लेखन कार्यदल गठन, पृष्ठपोषण सङ्कलन र छलफल तथा स्वीकृतिका विधिहरू अवलम्बन गरिएको थियो । उपलब्धि परीक्षणका लागि स्थानीय तहलाई मार्गदर्शन विकास कार्यक्रमअन्तर्गत विभिन्न सरोकारवालाहरूसँग छलफल तथा अन्तर्क्रिया सञ्चालन गरिएको थियो । लेखन कार्यदलले तयार पारेको मसौदामा समेटिएका विषयवस्तुहरूमाथि गहन छलफल गर्नका लागि र विषयवस्तु थपघट तथा परिमार्जनसमेत गर्नका लागि  कार्यशाला सञ्चालन लगायतका कार्यक्रमहरू गरिएको थियो ।



*स्थानीय तहमा विद्यार्थी उपलब्धि परीक्षणको मार्गदर्शन विकास लागि केन्द्रमा भएको छलफल*

## १२. प्रारम्भिक सिकाइ तथा विकास स्तर परीक्षण

प्रारम्भिक सिकाइ र विकासस्तर मापदण्डमा आधारित नमुना परीक्षणको लागि बागमती प्रदेशका १३ वटा जिल्लाका ९० वटा प्रारम्भिक बाल विकास केन्द्र र कक्षा १ मा अध्ययनरत ६९० जना बालबालिकाहरूको सिकाइ तथा विकास स्तर परीक्षण कार्य सम्पन्न भएको छ । उक्त कार्यक्रम सञ्चालन गर्नका लागि बागमती प्रदेश अन्तर्गतका १३ वटा जिल्लाबाट १७ जना परीक्षक (Enumerator) छनोट गरिएको र छनोट भएका परीक्षकहरूलाई केन्द्रमा अभिमुखीकरण तालिम सञ्चालन गरी परीक्षणका लागि सम्बन्धित जिल्लामा परिचालन गरी कोबो टुल्समार्फत तथ्याङ्क सङ्कलन कार्य सम्पन्न भयो । अध्ययनबाट बालबालिकाहरूको सर्वाङ्गीण विकास र कक्षा एकमा तयारीको अवस्था साथै बालविकास केन्द्रहरूको समग्र सिकाइ वातावरण अवस्था विश्लेषण गरी नीतिगत सुधारका लागि तथ्य तथा प्रमाणमा आधारित पृष्ठपोषण प्रदान हुने छ ।



*परीक्षण सञ्चालकहरुका लागि केन्द्रमा भएको अभिमुखीकरण*

## १३. अनुसन्धानात्मक कार्य

विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विद्यालय शिक्षासम्बन्धी समसामयिक शैक्षिक मुद्दाहरूको अध्ययन अनुसन्धान गरी तथ्य र प्रमाणमा आधारित सुझाव दिने उद्देश्यले केन्द्रबाट अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भयो । अध्ययन अनुसन्धान गर्नका लागि खरिद ऐन नियमअनुसार परामर्श संस्थाको छनोट, कार्यसर्त तयारी, अध्ययन अनुसन्धानको लागि आवश्यक पक्षहरू जस्तै; समस्या पहिचान, साहित्य अध्ययन, तथ्याङ्कन सङ्कलन र विश्लेषण, प्राप्ति, सुझाव तथा निष्कर्षमा छलफल, सम्बन्धित विज्ञबाट पुनरवलोकनपश्चात् निम्नलिखित विषयमा अध्ययन गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ ।

(क) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणका प्राप्ति र सरकारले गरेका प्रयासबिचको तालमेल अध्ययन अनुसन्धान

(ख) विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणले औल्याएको विद्यार्थी उपलब्धि प्रवृत्तिको विश्लेषणात्मक अध्ययन अनुसन्धान

(ग) माध्यमिक शिक्षा कक्षा ९-१२ मा सञ्चालित प्राविधिक धारअन्तर्गतको बालीविज्ञानसम्बन्धी अध्ययन अनुसन्धान

(घ) सामुदायिक विद्यालय र संस्थागत विद्यालयको सिकाइ उपलब्धिमा तुलनात्मक विश्लेषणसम्बन्धी अध्ययन अनुसन्धान



*अनुसन्धान सम्बन्धी कार्यमा केन्द्रमा भएको छलफल*

## १४. प्रारम्भिक पठन तथा गणितीय सिपको परीक्षण ढाँचा र प्रश्न अद्यावधिक र प्रश्न निर्माण

प्रारम्भिक कक्षा (कक्षा २ र ३) मा पढ्ने विद्यार्थीहरूको पठन तथा गणितीय सिपको परीक्षण गर्ने प्रयोजनका लागि विषय शिक्षक, सम्बन्धित विषय विज्ञ तथा पाठ्यक्रम विज्ञको सहभागितामा पठन तथा गणितीय सिपको परीक्षण ढाँचा अद्यावधिक तथा परिमार्जन गरियो। साधारण विद्यार्थीको साथै दृष्टि तथा श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाको समेत पठन तथा गणितीय सिप परीक्षण गर्ने गरी समावेशी परीक्षण ढाँचा विकास गरियो। साधारण विद्यार्थीको पठन तथा गणितीय सिप परीक्षणको लागि भक्तपुरमा सम्बन्धित विषयका शिक्षक तथा विषय विज्ञ र पाठ्यक्रम विज्ञको सहभागितामा प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Early Grade Reading Assessment, EGRA), कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पठन सिप परीक्षण (Classroom–Based Early Grade Reading Assessment, CB–EGRA) तथा प्रारम्भिक कक्षा गणितीय सिप परीक्षण (Early Grade Mathematics Assessment, EGMA) का लागि नमुना प्रश्न सेट तयार गरियो।

यसै गरी दृष्टि तथा श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकाको पठन तथा गणितीय सिप परीक्षणको लागि कास्की र भक्तपुरमा दृष्टि तथा श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई पठनपाठन गर्ने शिक्षक र विज्ञको सहभागितामा समावेशी प्रश्न सेट तयार गर्ने कार्य सम्पन्न भयो।

समावेशी प्रश्न सेटको अन्तिमीकरणको लागि दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई पठनपाठन गर्ने पोखराको अमरसिंह मावि र काठमाडौंको लेबोरेटोरी मा.वि. कीर्तिपुर तथा श्रवणसम्बन्धी अपाङ्गता भएका बालबालिकालाई पठनपाठन गर्ने पोखराको सिर्जना बहिरा मावि र काठमाडौंको केन्द्रीय बहिरा स्कुल नक्सालमा नमुना प्रश्नलाई Cog–lab test गरी त्यसबाट प्राप्त सुझावलाई समेटी परीक्षण साधनको अन्तिम रूप दिइएको थियो।



*परीक्षण ढाँचा तथा साधन विकास कार्यशाला*



*Cog-lab test, लेबोरेटोरी मा.वि. कीर्तिपुर*

## १५. शिक्षा विकास निर्देशनालयको कार्यसम्पादन परीक्षण

शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट आर्थिक वर्ष २०८१/८२ को स्वीकृत कार्यक्रमअन्तर्गत प्रदेश सरकार मातहतमा रहेका शिक्षा विकास निर्देशनालयहरूको कार्यसम्पादन परीक्षण गर्ने कार्यक्रमअन्तर्गत प्रदेशगत रूपमा विज्ञ परीक्षकद्वारा स्थलगत अवलोकनसहित कार्यसम्पादन परीक्षण गर्ने कार्य सम्पन्न भयो।

उक्त परीक्षणका लागि कार्यसम्पादन परीक्षण मार्गदर्शन र परीक्षण साधन, २०८१ विकास गरिएको थियो। शिक्षा विकास निर्देशनालयको संस्थागत जवाफदेहिता अभिवृद्धि गर्नु, निर्देशनालयको शैक्षिक सेवा प्रवाहसम्बन्धी कार्यसम्पादनको लेखाजोखा गर्नु तथा प्रभावकारी शैक्षिक सेवा प्रवाहबारे शिक्षा विकास निर्देशनालयलाई पृष्ठपोषण प्रदान गरी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्नु कार्यसम्पादन परीक्षण कार्यको प्रमुख उद्देश्य रहेको थियो।

परीक्षणलाई प्रभावकारी र सहभागितामूलक बनाउन केन्द्रबाट अनुगमन गर्ने कार्यसमेत भएको थियो। कार्यसम्पादन परीक्षण गर्दा परीक्षण साधनमा संलग्न तीन भागमा रहेका सूचकलाई आधार लिइएको थियो। पहिलो भागमा नेपाल सरकारद्वारा शिक्षा विकास निर्देशनालयलाई तोकिएका ३३ कार्य र सेवाग्राही सन्तुष्टि, दोस्रो भागमा प्रदेशगत रूपमा निर्देशनालयहरूलाई तोकिएका कार्यहरू र सेवाग्राही सन्तुष्टि तथा तेस्रो भागमा निर्देशनालयमा कार्यरत कार्यान्वयनकर्ताहरूको अनुभवजन्य प्रतिविम्बन हुने विषयवस्तु समावेश गरिएको थियो। विज्ञ परीक्षकबाट कार्यसम्पादन परीक्षण साधनमा उल्लिखित सूचकको आधारमा सातओटै शिक्षा विकास निर्देशनालयद्वारा सङ्कलन गरिएका तथ्याङ्क, प्राप्तिको आधारमा एकीकृत प्रतिवेदन तयार गरिएको थियो।



*कार्यसम्पादन परीक्षणको अनुगमन र छलफल, शिक्षा विकास निर्देशनालय, धनकुटा*

## १६. ReAL Plan कार्यान्वयनका लागि निदानात्मक परीक्षण ढाँचा तथा साधन परिमार्जन र विकास

सिकाइ आपूरण र द्रुत सिकाइ (Recovery and Accerlated Learning, ReAL) योजना (सन् २०२३-२०२८) कार्यान्वयनका लागि विद्यार्थीको निदानात्मक परीक्षणको मार्गदर्शन र साधन परिमार्जन तथा थप साधन विकास गर्ने कार्य सम्पन्न भयो । यस कार्यक्रममा नेपाली र गणित विषयको कक्षा ३ देखि ८ सम्मका २/२ सेट गरी जम्मा २४ सेट र विज्ञान तथा प्रविधि र English विषयका कक्षा ६ देखि ८ सम्मका २/२ सेट गरी जम्मा १२ सेट गरी कुल ३६ सेट परीक्षण साधन विकास गरी केन्द्रको वेबसाइटमा राखिनुका साथै छपाइसमेत गरिएको छ ।



*परीक्षण साधन परिमार्जन कार्यशाला*



*वार्षिक प्रतिवेदन हस्तान्तरणपश्चात् मार्गदर्शन प्रदान गर्नुहुँदै माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री  विद्या भट्टराईज्यू*



*विद्यालयको कार्यसम्पादन परीक्षणको प्रतिवेदन हस्तान्तरण बैठक, सिलगुढी नगरपालिका, दिपायल, डोटी*



*विद्यालयमा प्रधानाध्यापक नेतृत्व परीक्षणको प्रतिवेदन हस्तान्तरण गर्दै विज्ञ परीक्षक योगेन्द्रप्रसाद बराल*



*कक्षा ५ को विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षणको पूर्व परीक्षण सञ्चालनमा सहभागी विद्यार्थी, नुवाकोट*



*मधेश प्रदेशको प्रबोधीकरण गोष्ठीमा सम्बोधन गर्नुहुँदै शैक्षिक गुणस्तर परीक्षण केन्द्रका महानिर्देशक श्री जयराम अधिकारी*



*मधेश प्रदेशको महोत्तरीमा सञ्चारकर्मीहरूसँग  अन्तरक्रियामा विषयवस्तु प्रस्तुत गर्नुहुँदै केन्द्रका निर्देशक श्री प्रमिला बखती*